**ईन्द्रावती गाउँपालिकाको**

# आ.व. २०८२/०८३ सालको

**बार्षिक नीति तथा कार्यक्रम**

सभाध्यक्ष महोदय,

१) सभाका सम्पुर्ण सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँपालिकाका विषयगत शाखा प्रमुखहरु, स्वास्थ्य संस्थाका इन्चार्ज तथा स्वास्थ्यकर्मीहरु, वडासचिबहरु तथा सबै कर्मचारीहरु, उपस्थित पत्रकार तथा गाउँपालिकाबासी आदरणीय आमाबुबा, दाजुभाई, दिदिबहिनीहरु ।

२) ईन्द्रावती गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस सम्मानित सभामा उपस्थित भई ईन्द्रावतीको भूगोल, जनभावना, बिकास प्रतिको धारणा, सँस्कृति र सामाजिक पृष्ठभूमी तथा शुखी नेपाली सम्मृद्ध नेपालको राष्ट्रिय आकाँक्षा समेतलाई हृदयंगम गर्दै सम्मृद्ध ईन्द्रावतीको हाम्रो चाहना अभिब्यक्त हुनेगरी बार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउदा हामीलाई खुशी लागेको छ ।

३) लोकतन्त्रका आधारभूत मूल्य र मान्यताको सम्मान मानव अधिकारको संरक्षण तथा सुशासन र पारदर्शीताप्रति हाम्रो प्रतिबद्धता सहित दिगो बिकासका लक्ष्यहरु आत्मसात गर्दै आगामी आर्थिक बर्ष २०८२/०८३ नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु । यस महत्वपुर्ण घडिमा नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, स्वाधीनता, नागरिक अधिकार र लोकतन्त्र प्राप्तिका बिभिन्न कालखण्डका अभियानमा सहभागी भई नेतृत्व प्रदान गर्ने हाम्रा अग्रजहरु एवं शाहदात प्राप्त गर्ने अमर शहिदहरु र ईन्द्रावतीको सम्मृद्धिमा योगदान पुऱ्याउनुहुने अग्रजहरुप्रति उच्च सम्मान ब्यक्त गर्दछु । साथै यसै गाउँसभाका पूर्व उपाध्यक्ष स्व मीरा अधिकारी लामा तथा गाउँसभाका वर्तमान वडा सदस्य स्वः कलावती सुनारप्रति श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरुको योगदानप्रति उच्च सम्मान गर्दछु ।

४) स्थानीय सरकारप्रतिको बढ्दो नागरिक अपेक्षा, विकासका न्यूनतम पूर्वाधारहरुको कमी, विभिन्न कारणले विश्वव्यापी रुपमा भईरहेको आर्थिक मन्दिका कारण विकास निर्माणका क्रियाकलापमा पुग्न गएको क्षति, रोजगारीका सीमितताका बीचबाट माथि उठ्दै उपलब्ध स्रोत साधनलाई कुशलतापूर्वक परिचालन गर्ने विषय चुनौतीपूर्ण रहँदा रहँदै पनि गाउँपालिकाप्रति गाउँवासीहरुको सद्भाव, विकास र सम्मृद्धिप्रति गाउँपालिकावासीहरुको उत्कृष्ट चाहनाको परिणामस्वरुप पालिकाको गुणात्मक परिवर्तन ल्याउँन सकिने कुरामा म पूर्ण विश्वस्त छु । गाउँपालिकाको कोषमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त तथा आन्तरिक स्रोतको सीमित बजेटका अलावा अन्य गैर सरकारी क्षेत्रका विकास साझेदारहरुका तर्फबाट विकास आयोजनाहरु तर्जुमा र कार्यान्वयनका लागि गाउँपालिकासंगको सम्पर्क र समन्वयमा उच्चस्तरको परामर्श र सहयोग प्राप्त हुनेछ भन्ने मैंले विश्वास लिएको छु ।

५) प्रस्तुत नीति तथा कार्यक्रम, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, सोह्रौं आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, राष्ट्रिय नीतिहरु, नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम तथा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग तथा मार्गदर्शन एवं योजना, गाउँपालिकाको आवधिक योजना, त्रिवर्षिय खर्च संरचना र योजना तर्जुमाको क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सल्लाह, सुझाव र सिकाईका आधारमा आगामी आ.व को लागि नीति तथा कार्यक्रम तयार गरिएको छ । प्रस्तुत नीति कार्यक्रम र यसका आधारमा बन्ने बजेट कार्यान्वयनबाट गाउँपालिकाले लक्षित गरेका उद्देश्यहरु हासिल गर्न सघाउ पुग्नुका साथै समृद्ध नेपाल, सुखी नेपाली को राष्ट्रिय आकांक्षा पुरा गर्दै ईन्द्रावती बासीको शान र गौरव वृद्धिमा समेत सहयोग पुग्ने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय,**

**प्रस्तुत नीति, कार्यक्रम र बजेटका उद्देश्यहरु**

क) नागरिकका आवश्यकता, चाहना र मागलाई ध्यानमा राख्दै अत्यावश्यक पूर्वाधारहरुको प्रवन्ध मिलाउने ।

ख) उपलब्ध श्रोत, साधन र अवसरको उच्चतम परिचालन गरि **सुखी र खुसी ईन्द्रावतीबासी - सम्मृद्धिका लागि विकासमा लिन्छौं तीव्र गति** भन्ने मान्यताका साथ आर्थिक, सामाजिक र मानवीय संशाधनको विकास गर्ने ।

ग) वातावरणीय प्रभाव मुल्यांकन गरि वातावरण अनुकुलन दिगो विकासको अवधारणाका आधारमा ठुला पुर्वाधार विकास कार्यक्रम सञ्चालन गर्ने ।

(घ) गुणस्तरीय शिक्षा र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको मान्यतालाई कार्यन्वयन गर्ने ।

यिनै सम्भावना र चुनौतिबीच आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गरेको छु जसको लक्ष्य आर्थिक, सामाजिक विकास सहित ईन्द्रावती गाउँपालिकालाई सम्मृद्ध बनाउनु रहेको छ ।

माथिका लक्ष तथा उद्देश्य हासिल गर्नका लागि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र यसका प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**नीति तथा कार्यक्रम तर्जुमाका अधारहरु**

२. स्थानीय आवश्यकता र प्राथमिकता

३. पुर्वाधार र स्रोतको उपलब्धता

४. स्थानीय विकास योजना

५. राष्ट्रिय योजना र नीतिहरूसँग समन्वय

राष्ट्रिय विकास नीति, मध्यमकालीन खर्च संरचना (MTEF), सरकारका दीर्घकालीन लक्ष्यहरू (जस्तैः SDGs दिगो विकास लक्ष्यहरू)

६. समावेशीता र दिगोपन

७. पारदर्शिता, जवाफदेहिता र सुशासन

**यस वर्षको नीति तथा बजेटको प्राथमिकताहरु क्षेत्रहरु**

१. पूर्वाधार विकास ।

२. सामाजिक विकास (शिक्षा, स्वास्थ्य, खानेपानी, लैङ्गिक समानता तथा सामाजिक समेबेशीकरण ।

३. आर्थिक विकास, कृषि तथा पशुपालनको आधुनिकीकरण तथा ब्यावसायीकरण, पर्यटन विकास, उद्योग, उत्पादन उत्पादकत्व, आयआर्जन तथा रोजगारी श्रृजना ।

४. शुसासन प्रवर्द्धन, सार्वजनिक सेवा प्रवाह, सामाजिक न्याय तथा सामाजिक सुरक्षा र सूचना प्रबिधि ।

५. वन वातावरण तथा  बिपद् ब्यवस्थापन ।

६. दिगो विकास लक्ष्य ।

**पूर्वाधार विकास :**

- ईन्द्रावती चक्रपथ स्यापिङ गरि आवश्यक ठाउँमा निर्माण तथा मर्मत गरि चक्रपथ घोषणा गर्न पहल गरिनेछ ।
- गाउँपालिकाले तयार गरेको सडक यातायात गुरुयोजना वमोजिम प्रदेश सरकारसँगको समन्वयमा गाउँपालिकाको केन्द्रबाट १२ वटै वडा कार्यालयसम्मका पहुँच मार्गहरुलाई बाह्रै महिना यातायात सञ्चालन हुने गरि स्तरोन्नती गरिदैं लगिनेछ ।
- अधुरा रहेका वडा कार्यालय भवनहरु निर्माण तथा मर्मत सम्भार सम्पन्न गरिने छ । साथै सवै वडा कार्यालयहरुमा वैकल्पिक उर्जा सहितको सुविधाको व्यवस्था गरिनेछ । वडा कार्यालयको सुरक्षामा आवश्यक ध्यान दिइनेछ ।
- आवश्यक भएका स्थानहरुमा झोलुङ्गे पुलहरुको निर्माण र मर्मत कार्यलाई निरन्तरता दिइने छ ।
- **हाम्रो सडक राम्रो सडक** अभियानका साथ गुणस्तरीय सडक निर्माण कार्यलाई प्रोत्साहित गरिने छ । तोकिएको मापदण्ड अनुरुप उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति, निर्माण ब्यवसायी र महिला मात्र रहेको उपभोक्ता समितिलाई पुरस्कृत गरिनेछ  ।
- दिगो विकासको मान्यता अनुरुप सडक मापदण्ड पूर्ण रुपमा पालना गरिनेछ ।
- मध्यपहाडि लोकमार्गसंग जोडिएका ईन्द्रावतीका बस्तीसम्म आवतजावत गर्ने मुल सडकहरु बाह्रै महिना यातायात चल्नेगरी स्तरोन्नती गरिने छ ।

- सडक मर्मत संभार कोषमा थप रकम व्यवस्था गरि एकपटक निर्माण सम्पन्न भई बिग्रे भत्केका सडकहरुलाई सोही कोषको रकम मार्फत मर्मत सम्हार गरिने छ। सडकमा ढल निकासको रेखदेख गर्न र क्षति हुन नदिने व्यवस्था गर्नका लागि हेरालुको व्यवस्था गरिने छ।
- भवन निर्माण गर्दा भवन संहिताले तोकेको मापदण्ड अनिवार्य रुपमा पुरा गर्नुपर्ने र नक्सा पास गर्नुपर्ने प्रावधान सुनिश्चित गरिने छ। भवन संहिता जारी हुनुभन्दा अगाढी बनेका भवनहरुले नक्शा र अभिलेखीकरण गर्ने कार्यलाई अभिप्रेरित गरिनेछ।
- पालिका क्षेत्र भित्रका सबै खानेपानी आयोजनाहरुको लगत उतार गरी N-WASH सिस्टममा सुचिकृत गरिने छ। यसै आ.व. भित्र N-WASH Plan बनाई प्राथमिकताको आधारमा आयोजना कार्यन्वयन गरिने छ।
- गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालय, वडा कार्यालयहरु, स्वास्थ्य कार्यालय तथा इकाईहरु लगायतका सार्वजनिक सेवा प्रदायक कार्यालयहरुमा निशुल्क इन्टरनेट सेवा उपलब्ध गराइने छ। इन्टरनेटको गुणस्तरीयतामा बिशेष जोड दिदै इन्टरनेटको क्षमता बढाईने छ ।
- **हरित सडकको** अवधारणालाई कार्यान्वयन गर्दै सम्वन्धित वडा कार्यालयको समन्वयमा पालिकाका निर्माण कार्य सम्पन्न भएका मुख्य सडकका दायाँ बायाँ वृक्षारोपण गरिनेछ।
- गाउँपालिका भित्रका मुख्य सडकका चोक र बजार क्षेत्रमा बिद्युत एवं वैकल्पिक उर्जा मार्फत **"उज्यालो सडक" कार्यक्रम** तर्जुमा एंवम् कार्यन्वयन गरिनेछ।
- कृषि सडकहरुको निर्माण, मर्मत तथा स्तरोन्नती गर्ने कार्य प्राथमिकताका साथ गरिने छ।
- बस्तीसम्म जाने परम्परागत गोरेटो बाटोको स्तरोन्नती गरिनेछ। निकास, चरन क्षेत्र आदिको संरक्षण गरिने छ।
- संघीय सरकार, वागमती प्रदेश सरकार र गाउँपालिकाको लगानीमा सडक कालोपत्रे तथा सडक ग्राभेल गर्ने कार्यलाइ निरन्तरता दिइनेछ।
- पूर्वाधार विकासमा जनसहभागीताको नीति लिइनेछ।
- ग्रामीण सडकहरुमा सार्वजनिक यातायातको पहुँच बिस्तारका लागि निजी यातायात सञ्चालक कम्पानीहरुसंग आवश्यक समन्वय गरिनेछ।
- संघ प्रदेश र सरोकारवालासंग आवश्यक साझेदारी गर्दै विकास निर्माणमा वस्ती विकास मापदण्ड, भवन संहिता, तथा सडक यातायात गुरुयोजना निर्माण/परिमार्जन गरि व्यवस्थित बसोवासको नीति लिइनेछ।
- एक वडा एक पालिका समपुरक योजनाको अबधारणा कार्यान्वयन गर्ने नीति लिइनेछ। यस नीति अन्तर्गत रु १० लाखका ठोस कार्य प्रकृतिका पूर्वाधार सम्वन्धी योजना वडाबाट प्रस्ताव गर्न सक्नेछन् र पालिकाबाट त्यति नै रकम बिनियोजन गरी कार्यान्वयन गर्ने नीति लिइनेछ।
- पालिका भित्रका एकै प्रकृतिका योजनाहरुको संयुक्त लागत अनुमान तयार पारी प्रतिस्पर्धात्मक खरिद बिधि मार्फत योजना सञ्चालन गर्ने नीति अबलम्बन गरिनेछ।
- सामुदायिक भवनहरुलाई अधिकतम् रुपमा समुदायको हितमा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ।

## सिचाईं :

- कृषि पकेट क्षेत्रहरुको पहिचान गरी **जनसहभागितामा आधारित सिँचाई कार्यक्रम** निरन्तर सञ्चालन गरिनेछ।
- संघ, प्रदेश तथा स्थानीय सरकारको सह लगानीमा सञ्चालन हुने बृहत सिचाई आयोजनाका साथै पालिका स्तरबाट सञ्चालन हुने साना सिचाई कार्यक्रमलाई समेत प्राथमिकतामा राखिनेछ।
- निर्माणाधीन सिचाईं आयोजनालाई प्राथमिकता दिईनुका साथै पुरा भैसकेका योजनाहरुको मर्मत गर्दै पारदर्शि बनाउनको लागि उपभोक्ता समितिको क्षमता अभिबृद्धि गरिनेछ।
- सिचाइ सुविधा कम भएका ईन्द्रावती नदी किनारका कम्तीमा ४ स्थानमा कृषि क्षेत्रहरुमा डिप बोरिङ तथा लिफ्टिङ सिँचाई आयोजनाहरु सञ्चालन गर्न भूमिगत जल सिँचाई आयोजना लगायतका साझेदार निकाय संगको समन्वयमा निर्माण गरिनेछ।

- कोइरालटार देखि  बिसदेउटारसम्मको क्षेत्रमा सिँचाइ सुबिधा उपलव्ध गराउनका लागि इन्द्रावती बृहत सिंचाइ योजनाको शुरुवात गरिनेछ ।
- साना तथा थोपा सिंचाइका योजनाहरुलाई प्रोत्साहित गर्ने  नीति लिइने छ ।
- मध्यपहाडी क्षेत्रका सुख्खा क्षेत्रहरुमा कृषि उत्पादन बढाउन र पानीको समुचित उपयोग सुनिश्चित गर्न थोपा सिंचाइ, फिरफिरे सिंचाइ, बहुउपयोग पानी प्रणाली, आकासेपानी संकलन, संरक्षण, कृषि र छापो प्रबिधि लगायतका नवप्रवर्तनमा प्राथमिकता दिइनेछ ।

## खानेपानी तथा सरसफाई  :

- गाउँपालिकाका सबै वडाहरुमा स्वच्छ खानेपानी सुबिधा पुऱ्याइनेछ ।
- पालिकाकै गौरवको रुपमा रहको ईन्द्रावती बृहत खानेपानी आयोजनाको कामलाई तीब्रता दिई समयमै आयोजना पुरा गरी जनताको खानेपानीको आधारभूत माग र आवश्यकतालाई पुरा गरिनेछ । आयोजनाले समेट्न नसकेको वडा नं. १, २ र ३ लाई बैकल्पिक व्यवस्थाबाट खानेपानीमा पहुँच बृद्धि गरिनेछ ।
- गाउँपालिका स्तरीय **खानेपानी उपभोक्ताहरुको सञ्जाल** गठन गरिने छ । उक्त सञ्जाल मार्फत सम्पुर्ण योजनाहरुलाई दिगो एवं भरपर्दो रुपमा सञ्चालनको व्यवस्था मिलाईनेछ । खानेपानी मर्मत संभार कोषलाई वृद्धि गरि बिग्रे भत्केका आयोजनाहरुको मर्मत सुधारका कार्य यसै कोष मार्फत गरिने छ ।
- ईन्द्रावती गांउपालिकालाई पूर्ण सरसफाई युक्त पालिका बनाउनको लागि खानेपानी तथा सरसफाईका क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरुसंग समन्वय र सहकार्य गरी **पूर्ण सरसफाईका पाँच प्लस एक** सूचकहरुलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउन पहल गरिनेछ ।
- नवलपुर बजार तथा बजारोन्मुख क्षेत्रहरुको सरसफाइ तथा फोहरमैला व्यवस्थापनको नीति लिइनेछ । फोहर व्यवस्थापनका लागि जनचेतनामुलक विशेष कार्यहरु सञ्चालन गरिने छ । फोहर मैला संकलन, प्रशोधन तथा व्यवस्थापन पद्धति अवलम्बन गरिने छ ।
- खानेपानीका मुहानको संरक्षण गर्न उच्च जलाधार क्षेत्र तथा सीमसार क्षेत्रमा वृक्षारोपण तथा भूक्षय नियन्त्रण कार्यक्रम सञ्चालन गरिने छ । खानेपानीका मुहान क्षेत्रको संरक्षण र सरसफाईमा विशेष ध्यान पुर्याइने छ ।
- पालिका स्तरीय खानेपानी बोर्ड गठन गरि खानेपानीका सबैखाले समस्या समाधानका लागि आवश्यक नियम तथा कार्यबिधि बनाइ क्रमश लागू गर्दै लगिनेछ । खानेपानीका मुल, तथा मुहानहरुको अनिबार्य दर्ता गर्ने नीति लिइनेछ ।

## बैकल्पिक उर्जा

- **"घर भित्रको वायु प्रदुषण मुक्त"**गाउपालिका घोषणा गर्ने अभियानको थालनी गर्न साझेदार व्यक्ति/निकायसंगको समन्वयमा उचित अनुदानको व्यवस्था गरिनेछ ।

जनताको स्वास्थ्यलाई बिशेष ध्यान दिई वातावरण व्यवस्थापनलाई सहयोग पुऱ्याउन सुधारिएको चूलो तथा बिद्युतीय चुलो जडान गर्न नागरिकहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

## कृषि तथा पशुपालन :

- जंगली जनावर तथा अन्य वन्यजन्तुको आतंकबाट पीडित किसानलाई उक्त आतंकबाट मुक्त गर्न सोही अनुरुपका खेतीबाली लगाउन प्रोत्साहन गरिनेछ । संघीय सरकारको नीति तथा कानुन अनुसार खेतीबालीमा विनास पुऱ्याउने जंगली जनाबरको उचित ब्यवस्थापन गरिनेछ । साथै लागि जीवातु मलको प्रचारप्रसार र प्रयोग गर्न किसानलाई प्रोत्साहित गरिनेछ ।
- बैदेशिक रोजगारीवाट फर्किएका रोजगार विहिन भएका २० देखि ४० वर्ष उमेर समुहका युवाहरुलाई कृषि व्यवसायमा आर्कषित गराई **उत्पादनमुलक कार्यको लागि प्रोत्साहन**को व्यवस्था मिलाइने छ ।
- कृषिमा व्यवसायिकरण तथा आधुनिकिकरण ल्याउन कृषकलाई उत्साहित गराउन उत्पादनमा आधारित **उत्कृष्ठ कृषकहरुलाइ पुरस्कृत गरिनेछ ।** कृषि लघु उद्यमको विकास तथा कृषकलाई बित्तिय पहुँचको व्यवस्था गरिनेछ ।

- **उत्पादन साथमा अनुदान हातमा** भन्ने नीति अनुरुप सहकारी संस्थाहरुको समन्वयमा कृषकले उत्पादन गरेका फलफुल, तरकारी, खाद्यान्न, माछा मासुको बजार प्रवन्ध मिलाइने छ ।
- सम्भाव्यताका आधारमा पालिकाका १२ वटै वडाहरुलाई **कृषि तथा पशुपालन पकेट क्षेत्रको** रुपमा घोषणा गरी सो अनुसारका कार्यक्रम लागु गरिने छ ।
- आवश्यक रासायनिक मल, उन्नत बीउविजन तथा आधुनिक उपकरणहरु वितरण तथा सो मा अनुदानको व्यवस्था गरिने छ ।
- प्राङ्गारिक खेतीको अवधारणाको साथै अर्गानिक कृषि पकेट क्षेत्रको विकासका लागि **एक वडा एक अर्गानिक फर्म** स्थापना गर्न प्राविधिक सहयोग तथा आवश्यक कार्य गरिनेछ ।
- पालिका क्षेत्रभित्र रहेका बाँझो रहेका जग्गालाई **स्थानिय भूमि बैंक** स्थापना गरि उक्त बैंक मार्फत जग्गा प्राप्ती तथा उपयोगको प्रकृया थालिने छ ।
- **एक वडा, एक उत्पादनको** नीतिलाई प्राथमिकता दिई हरेक वडाको सम्भाव्यता अध्ययनको आधारमा पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।
- **वडागत वृहत नर्सरी स्थापना** गरी स्थानीय स्तरमा नै तरकारी तथा फलफुलको स्वस्थ वेर्ना उत्पादन गरी स्थानीय कृषकहरुमा उपलब्धता सुनिश्चित गरिनेछ ।
- **बाली बीमाको** व्यवस्था सुरु गरी बाली बीमामा अनुदानको प्रबन्ध मिलाइने छ ।
- सहकारी संस्थाहरुसंगको लागत साझेदारीमा कृषि एम्बुलेन्स सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।
- संघीय तथा बागमती प्रदेश सरकारसंगको समन्वयमा वडा नं.७ मा निर्माण सम्पन्न भएको सित भण्डार सञ्चालनको लागि चाहिने उपकरणहरु व्यवस्था मिलाई सञ्चालनमा ल्याइने छ ।
- गाउँपालिकामा कम्तीमा **एक नमुना कृषि फर्म** सञ्चालन गर्न यसैवर्षबाट कार्य प्रारम्भ गरी नमुना कृषि पाठशालाको रुपमा विकास गरिने छ ।
- निजी क्षेत्रको साझेदारीमा गाउँपालिकाको उपयुक्त स्थानमा कृषि औजार उपकरण मर्मत केन्द्र स्थापन गरिनेछ ।
- कृषकको आयआर्जनमा थप वृद्धि गरी **व्यवसायिक मौरी पालन कार्य**क्रमलाई निरन्तरता दिइनेछ ।
- **उच्च मुल्यको बाली खेती प्रर्वद्धन** कार्यक्रम सञ्चालन गरी १२ वटै वडामा सम्भावना भएका उच्च मुल्यका बालीमा व्यवसायिक खेतीको सुरुवात गरी कृषकको जीवनस्तरमा आर्थिक वृद्धि ल्याईनेछ ।
- **वगर खेती** कार्यक्रम सञ्चालन गरी ईन्द्रावती नदि किनारको उत्पादनशील जग्गाको सदुपयोग गरी सामुहिक रुपमा सम्भावित **उच्च मूल्यको बाली** जस्तै आलु , तरबुजा आदि खेति गरी कृषकको जीवनस्तरमा सुधार ल्याईनेछ ।
- कृषकहरुको जीवनस्तर उकास्नको लागि सम्भावित वडामा सम्भाव्य रैथानै बालीको बिउ उत्पादनमा जोड दिईनेछ ।
- वडागत प्राविधिकले सञ्चालन गर्नेगरी वडास्तरीय सेवाकेन्द्र स्थापना गरी कृषकमा प्रविधिको पहुँच सुनिश्चितता गरिनेछ ।
- **कृषकको श्रम कृषककै बाली, खेतीयोग्य जमिन नराखौं खाली**को भावना अभिप्रेरित गरी बाली संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्याज खेती कार्यक्रम सञ्चालन गरी कृषकलाई व्यवसायिक प्याज खेतीतर्फ आकर्षित गराई कृषकको आयस्तरमा वृद्धि ल्याईनेछ ।
- गाउँपालिकाको आर्थिक विकासका लागि नगदे तरकारी बाली प्रर्वद्धन प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- ईन्द्रावती गाउँपालिकालाई फलफुलमा आत्मनिर्भर बनाउन यसै वर्ष देखि ब्यावसायिक फलफुल खेती शुरु गरिनेछ ।
- वडा नं ११ र १२ लाई दलहन बालीको पकेट क्षेत्र घोषणा गरि बिशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- नवलपुरमा रहेको कृषि उपज संकलन केन्द्रलाई सञ्चालनमा ल्याउन बिशेष पहल गरिनेछ ।
- पशुमा कृत्रिम गर्भाधान तथा पशुपँक्षी नश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

- उन्नत जातका पशुपंक्षी तथा मत्स्य पालन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- वर्षमा एक दिन कृषि दिबश मनाउने र कृषि पेशामा संलग्न कृषकले वर्षभरीमा उत्कृष्ट उत्पादन गरे वापत पुरस्कृत गरिनेछ ।
- ईन्द्रावती गाउँपालिकालाई दुग्ध उत्पादनमा आत्मनिर्भर पालिका घोषणा गरिनेछ । दुग्ध प्रशोधन उद्योग स्थापना गरि त्यसबाट भएको उत्पादनलाई बजारीकरणमा पहल गरिने छ ।
- अनुदान पाएका पशुपालन तथा कृषिजन्य कार्यक्रमको अनुगमनलाई ब्यवस्थित गरिनेछ ।
- घरपालुवा तथा सामुदायिक छाडा कुकुरहरुमा निशुल्क रेबिज बिरुद्धको खोप सेवा सञ्चालन गरिनेछ । सामुदायिक छाडा कुकुरहरुमा निशुल्क बन्ध्याकरण शिबिर सञ्चालन गरी रेबिज रोगको नियन्त्रण गरिनेछ ।
- महामारीको रुपमा फैलन सक्ने बिभिन्न रोगहरुको रोकथाम तथा नियन्त्रण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- आधारभूत प्रयोगशालाको ब्यवस्थापन गरी रोगको पहिचान तथा उपचार सेवाको प्रवन्ध गरिनेछ । पशुपंक्षीहरुको बाह्य तथा आन्तरिक परजीवीहरु बिरुद्धको औषधि बितरण गर्ने ब्यवस्था मिलाइनेछ ।
- कृषि तथा पशुपालन सम्बन्धी ५ वर्षे योजना तयार गर्ने ।
- माटो परीक्षण शिविरहरु संचालन गरी माटोको उर्वराशक्ति कायम राख्दै माटो अनुरुपका उत्पादनमा जोड दिइनेछ ।
- वालीनालीमा लाग्ने रोग किरा नियन्त्रणका लागि प्लान्ट क्लिनिकहरु संचालन गरिनेछ ।
- खाद्यान्न वालीको बिउ उत्पादन गर्न कृषक समुहहरुलाई प्रोत्साहन गर्ने उत्पादित बिउको प्रमाणिकरण, लेबलिङ र बजारीकरणका लागि कृषि बिभाग लगाएत संग समन्वय गराइनेछ ।
- कृषि बाली तथा पशु विमाको कार्यकमलाई प्रभावकारी वनाई लागु गरिने छ ।
- कृषक, वैज्ञानिक, नीति निर्माता र कृषि विकाससँग सम्बन्धित अन्य बहु-सरोकारवालाहरूलाइ समेटी ज्ञान र सूचनाको आदान प्रदान सुनिश्चित गर्न वडा स्तरमा कृषक चौतारी गठन गरिने छ ।
- वडा नं. १, २ र ४ मा सिस्नु प्रशोधन उद्योग स्थापना गर्न बिशेष जोड दिइनेछ ।

## सहकारी तथा गरिबी निवारण :

- विपन्न तथा पिछडिएका वर्ग तथा समुदायलाई सहकारीमा संगठित गरी सहकारीलाई सरकार र निजी क्षेत्रको परिपूरकको रुपमा भूमिका खेल्न सक्ने गरी स्थानीय अर्थतन्त्रको सबल स्तम्भको रुपमा विकास गरिनेछ ।
- सहकारी संस्था मार्फत सिपमुलक, स्वरोजगारमुलक तालिम सञ्चालन गरी स्वरोजगार, स्वावलम्वी, आत्मनिर्भर नागरिक तयार गर्न जोड दिइनेछ । साथै महिला सहकारी विशेष कार्यक्रम सञ्चालन गरिनेछ । सहकारी संस्थाहरुलाई COPOMIS प्रणलीमा अनिबार्य आवद्ध गर्नका लागि क्षमता अभिबृद्धि गरिनेछ । COPOMIS प्रतिबेदनको अध्ययन गर्दै बचतकर्ताको बचतको सुनिश्चतता गर्न आवश्यक प्रवन्ध गर्ने नीति लिइनेछ ।
- सहकारी संस्थाहरुको नियमित अनुगमन र नियमन प्रभावकारी बनाइ सहकारी क्षेत्रमा हुनसक्ने वित्तीय अनुशासन हीनतालाई पूर्णतः निस्तेज गरिने छ ।
- सहकारीमा आधारित चक्लाबन्दी खेती प्रणालीलाई प्रोत्साहित गरिनेछ ।
- सहकारीमा आधारित सुपथ मुल्य एग्रोभेट र सहकारी खुद्रा पसल र व्यवशायलाई अनुदानको व्यवस्था मिलाईनेछ सहयोग गरिनेछ ।
- सहकारीका उत्पादनहरुको लेबलिङ, ब्राण्डिङ गरी त्यस्ता सामाग्रीहरुको बजारीकरणका लागि प्रदर्शनी मेला आयोजना गर्न सहयोग गरिने छ । उत्कृष्ट उत्पादनमा आधारित सहकारीलाई पुरस्कृत गरिनेछ ।
- सहकारी ब्यवस्थापन तथा लेखा ब्यवस्थापन तालिमका माध्यमबाट सहकारी संस्थाहरुको क्षमता अभिबृद्धि गरिनेछ ।
- सानाकिसान कृषि सहकारी प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न सहगोग गरिनेछ ।
- समान उदेश्य भएका सहकारीहरुलाइ मर्ज गर्ने, प्रभवकारी रुपमा सञ्चालन भैरहेका सहकारीहरुलाई प्रवर्द्धन गर्ने र नियमानुसार सञ्चालन नभएका सहकारीहरु खारेज गर्ने नीति अबलम्बन गरिनेछ ।

- हकारी मार्फत उद्यम सिर्जना गर्दै गरिबी निवारण गर्ने नीति लिइनेछ ।
- टोल विकास संस्थाहरुलाई अधिकतम रुपमा समुदायको हितमा परिचालन गर्न उनिहरुको भूमिकालाई प्रभावकारी बनाइनेछ ।

## घरेलु, साना, उद्योग तथा उद्यम विकास :

- वडा नं. १० को ठुलीटार क्षेत्रलाई उद्योग ग्रामको रुपमा विकास गरिनेछ ।
- पालिका भित्र उद्योग कल कारखाना र ठूला व्यवसाय स्थापना र सञ्चालनको लागि लगानी तथा व्यवसाय मैत्री वातावरण सुनिश्चित गरिनेछ ।
- उद्योग निर्माणमा त्रिपक्षीय साझेदारी( प्राइभेट, पब्लिक र सहकारी क्षेत्र) लाई प्रोत्साहन गरिनेछ ।
- ठूला व्यवसायीलाई ब्याज अनुदानको ऋण प्राप्त गर्न बैंक तथा व्यवसायीबीच सहजीकरण गरिनेछ । स्थानीय कला, सीप, क्षमता र जनशक्तिको प्रयोगबाट उत्पादित वस्तुहरुको प्रयोगमा जोड दिइनेछ ।
- स्थानीय सिपलाई आधुनिकिकरण र व्यावसायिकरण गर्न स्थानीय सिपमा आधारित र श्रम मुलक घरेलु तथा साना उद्योगहरुको व्यवस्थापन क्षमता विकास र प्रवर्द्धन गर्ने कार्यहरु सञ्चालन गरिनेछ।
- परम्परागत पेशा वा सो संग सम्बन्धित सीपको सम्बर्द्धन र विकास गरी तिनलाई व्यवसायको रुपमा विकास गरिनेछ ।
- श्रम मुलक घरेलु तथा साना उद्योगहरुको विकास गरि रोजगारी सिर्जनाको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- महिला उद्यमीहरुको पहिचान र विकासका लागि विभिन्न शिपमुलक तालिमका साथै बीउपुँजी अनुदान र प्रविधि हस्तान्तरण गरिनेछ । उद्यमी समुह दर्ता र परिचालन गरिनेछ ।
- गाँउपालिका स्तरमा लघु उद्यम बिकास कार्यक्रमलाई निरन्तरता दिई साना, घरेलु तथा लघु उद्यमहरुको बिकास गर्न शिप र प्रबिधि उपलब्ध गराउने नीति लिईनेछ ।
- यस गाउपालिका भित्र रहेका वेरोजगार तर उद्यमी सोच भएका यूवाहरुलाई लक्षित गरि गाउँपालिकाको उपयुक्त स्थानमा लागत साझेदारीमा गारमेन्ट उद्योग सञ्चालनमा ल्याइनेछ ।
- गाउँपालिका भित्र सञ्चालित लघु, घरेलु तथा सबैखाले व्यवसायलाई अनिवार्य रुपमा पालिका कार्यालयमा दर्ता तथा नवीकरण गरी करको दायरा भित्र समेटिने छ । साथै यसरी पालिकामा दर्ता हुन आएका व्यवसायीहरुलाई मात्र पालिकाले दिने सहयोग तथा अनुदान उपलब्ध गराइने छ ।
- वडा नं १, २, ३ र ४ लाइ लप्सी, पकेट क्षेत्र घोषणा गरि लप्सीजन्य उद्योग स्थापना मार्फत स्वरोजगारमा बृद्धि गरिनेछ ।
- अदुवा, बेसार तथा मसला बाली प्रशोधन उद्योग स्थापना गरी युवा उद्यमी प्रबर्द्धन गर्न जोड दिइनेछ ।
- व्यवशायिक रुपमा जडिवुटी उत्पादन, प्रशोधन, वजारीकरण गर्ने उद्यमी र किसानहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- स्थानीय समुदायलाई आयआर्जन क्रियाकलाप मार्फत स्वरोजगार बन्नका लागि उपाध्यक्ष सम्बृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

## पर्यटन विकास :

- पर्यटकीय गुरुयोजना तयार भैसकेको क्षेत्रहरुमा क्रमश प्राथमिकताका आधारमा संरचनाहरु बनाउन सुरु गरिनेछ ।
- भुकम्प स्मारक भृकुटी शान्ति पार्कमा हरेक वर्ष वैसाख १२ गते भूकम्पमा दिवंगतहरुको सम्झनामा विशेष कार्यक्रम गरिनेछ ।
- पालिकाका ऐतिहासिक तथा धार्मिक क्षेत्रहरुमा पर्यटन महोत्सव आयोजना गरी पर्यटन प्रवर्द्धन गरिनेछ । उक्त क्षेत्रको विकास र विस्तारका लागि आवश्यक पूर्वाधार निर्माण गरिने छ ।

- पालिकाका प्रमुख तथा प्रसिद्ध पुरातात्विक महत्वका मठ, मन्दिर, गुम्बा तथा चर्चहरुको संरक्षण र संम्बर्द्धन गरी धार्मिक, साँस्कृतिक पर्यटकहरुको आर्कषण बढाईनेछ ।
- पालिकाका बिभिन्न मठ मन्दिर तथा क्षेत्रमा लाग्ने बिशेष जात्रा तथा पर्बहरुको प्रचार प्रसार र प्रवर्द्धन गर्न जोड दिइने छ ।
- होमस्टे, गुम्वास्टे र होटलस्टेको व्यवस्थाका गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने नीति लिईने छ । गाउँपालिकामा पर्यटन प्रवर्द्धनका लागि नेपाल पर्यटन वोर्ड संगको सफ्रेदारीमा तर्जुमा गरिएको एकीकृत पर्यटन गुरु योजना कार्यान्वयमा ल्याईनेछ ।
- यस गाउँपालिकामा बसोबास गर्ने आदिबासी जनजातिहरुको संस्कृति प्रवर्द्धन गरी पर्यटकीय आकर्षणको केन्द्रका रुपमा विकास गरिने छ ।
- संभाव्यताका आधारमा पर्यटकीय क्षेत्रहरुमा पदमार्ग निर्माण गरिने छ । जसका लागि छिमेकी पालिकाहरुसंग आवश्यक सहकार्य तथा समन्वय गर्ने नीति लिइनेछ ।
- पर्यटकलाई आकर्षषण गर्नका लागि नमुना बस्ती विकासको अवधारणा बमोजिम स्थानीय जाति र संस्कृति झल्किने गरी एकीकृत बस्ती विकास गरिनेछ ।
- गाउँपालिका भित्र बहु सास्कृतिक संग्राहालय स्थापना गरिनेछ ।
- आदिवासी जनजाति तथा अल्पसंख्यक माझी तथा दनुवार जातिको भाषा संस्कृतिको प्रचारप्रसार तथा प्रवर्द्धन गरी पर्यटक आकर्षण गर्ने नीति लिइने छ ।

## वन, बातावरण तथा विपद् व्यवस्थापन

- विकास आयोजना सञ्चालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ । साथै जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न सम्बन्धित निकायहरुको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका स्तरका हरेक कार्यक्रम तथा आयोजना सञ्चालन गर्दा वातावरण मैत्री बनाई गाउँपालिकामा **वातावरण मैत्री स्थानीय शासनको अवधारणा**लाई कार्यान्वयन तहमा उतार्ने प्रयास गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता समुह तथा कबुलियती वन समुहहरुसंगको सहकार्यमा बृक्षारोपण र वन संरक्षण र व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ ।
- ऐलानी, पर्ती, सार्बजनिक जग्गा यकिन गरी त्यस्ता जग्गाको संरक्षण गरिनेछ । वर्षौंदेखि ऐलानी जग्गा जोतभोग गरी आएका धनीपूर्जा नभएका ईन्द्रावती नदी किनारका किसानहरुलाई आवश्यक प्रक्रिया पुरा गरी धनीपूर्जा वितरण गर्न पहल गरिने छ ।
- बिपद व्यबस्थापन संग सम्बन्धित सरकारी तथा गैरसरकारी निकाय संगको समन्वयमा प्रभाबकारी बिपद व्यबस्थापनको लागि कार्ययोजना बनाई लागू गरिने छ। जोखिम युक्त स्थानमा रहेका एबम् जंगल सिमाना जोडिएका संकटापन्न क्षेत्रमा बसोबास गर्ने तथा बाढी, पहिरो पिडित तथा विस्थापित परिवारलाई स्थानान्तरण वा पुर्नस्थापना गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- **विपद व्यवस्थापन कोष सञ्चालन निर्देशिका** बमोजिम बिपदबाट प्रभाबित परिवारलाई राहत तथा उद्दार कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद् व्यवस्थापनमा युवाहरुलाई तथा स्थानीय सूचकहरुको समुह बनाइ परिचालन गर्ने नीति लिइने छ ।
- आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना गरि विपद्को समयमा सोही केन्द्रबाट विपद्को पूर्व सूचना, खोज, उद्धार तथा राहतका कार्यक्रम सञ्चालन गरिने छ । बिपद् व्यवस्थापनका लागि एकद्धार प्रणाली अपनाइने छ ।
- वडा स्तरीय बिपद् व्यवस्थापन समितिको क्षमता विकास गरिनेछ ।
- पालिका तथा वडा तहमा अत्यावश्यक खोज तथा उद्धार र राहतका सामाग्रीहरुको भण्डारण गरिने छ । समुदाय तहमा युवाहरुलाई विपद् व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्था गरिने छ ।
- वडा तथा पालिका स्तरमा विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरी कार्यन्वयन गरिने छ ।

- जलबायु अनुकुलन तथा जैबिक बिबिधता सम्बन्धि बिशेष योजना बनाई कार्यक्रम सञ्चालन गरिने छ ।
- **बन पैदाबरमा आधारित काष्ठ तथा जडिबुटिजन्य उद्योग** सञ्चालनको लागि मापदण्ड लगायतका व्यवस्था परिमार्जन गरी सहजिकरण गर्न नेपाल सरकार समक्ष अनुरोध गरिनेछ ।
- नदीजन्य लगायत प्राकृतिक श्रोतमा आधारित कच्चा पदार्थको उत्खनन्, प्रशोधन तथा निकासी कार्यलाई मापदण्ड बनाई कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका भित्र हरियाली प्रवर्द्धन, वृक्षारोपण तथा वन विस्तार एवं वातावरण मैत्री बनाउन जोड दिईनेछ । गाउँपालिका भित्रका पोखरी, ताल तलैया, वरपिपल चौतारीको संरक्षण र सम्बर्द्धन गरिनेछ । प्रदुषण नियन्त्रणको लागि वातावरणीय मापदण्डहरु निर्माण गरिनेछ । सामुदायिक वन उपभोक्ता समुहहरुसंगको सहकार्यमा सामुदायिक बन क्षेत्रमा बाँस, निगालो, अम्रिसो, अलैंची रोपण गरी बातावरण व्यवस्थापन साथै आयआर्जन क्रियाकलापमा जोड दिइने छ ।
- विपद् व्यवस्थापनलाई सहज बनाउन गाउँपालिका विपद् व्यवस्थापन कोषलाई प्रभावकारी बनाइने छ । विपद्को पूर्व तयारी तथा विपद् पश्चात उद्धार, राहत तथा पुर्नस्थापना कार्य प्रभावकारी बनाउने नीति लिइने छ । साथै विपद व्यवस्थापन गुरु योजनालाई क्रमिक रुपमा कार्यान्वयन गरिने छ ।
- मानवजन्य क्रियाकलापबाट श्रृजना हुने बिपद्लाइ न्यूनिकरण गर्न आवश्यक नीति बनाइ कार्यान्वयन गरिने छ ।
- बिपद् व्यवस्थापनका लागि गैर सरकारी संस्थाहरुको समन्वयमा आपत्कालिन आश्रय स्थल निर्माण गरि सञ्चालन गरिनेछ ।
- सामुदायिक वनहरुमा अमिलो जातका फलफुलका साथै दाते ओखर ,तितेपाती, क्यामोमाइल, टिमुर, निम, अलैंची, धसिंग्रे जातका जडिबुटी खेतीलाई प्रवर्द्धन गरी आयआर्जन र वातावरण व्यवस्थापन गरिनेछ ।
- दिनप्रतिदिन बन जंगलमा बढीरहेको डढेलो नियन्त्रणका लागि नयाँ प्रबिधिको प्रयोग गरि डढेलो नियन्त्रणमा बिशेष काम गरिनेछ ।
- मौसम पूर्वानुमान, पूर्वसूचना तथा जोखिम लेखाजोखा सम्बन्धी र HI-WAT तालिम सञ्चालन गरिनेछ
- पालिका भित्र बजार, घर, तथा सार्वजनिक स्थलहरुमा हुने फोहरलाई कुहिने र नकुहिने छुट्टयाई ब्यबस्थापन गर्ने र सार्वजनीक स्थलहरुमा फोहर जलाउने पिटहरु निर्माण गरिनेछ ।

## शिक्षा :

- शिक्षामा सवैको पहुँच कार्यक्रम सञ्चालन गरी विद्यालयभन्दा बाहिर कोहीपनि वालबालिका नरहने कुरालाई सुनिश्चित गरिनेछ ।
- गाउँ शिक्षा ऐन २०७५ वमोजिम मा. वि. तह सम्मको शिक्षा पूर्णतः निशुल्कः गरिनेछ । शैक्षिक बिकास कोषको स्थापना गरिने छ । गाउँपालिका भित्र संचालित २ वटै सामुदायिक क्याम्पसमा विद्यार्थी अनुपात बढाउँन विशेष अभियान सञ्चालन गरिनेछ ।
- कक्षा १ देखि नै अंग्रेजी माध्यमबाट पठन पाठनको व्यवस्था मिलाई सबै प्रकारका पाठ्यपुस्तक निशुल्क उपलब्ध गराइने छ ।
- शिक्षा क्षेत्रको विकासको लागि विद्यालयको भौतिक पूर्वाधार सुधार, खानेपानी, फर्निचर लगायत कक्षा १ देखि १० सम्मका सबै विद्यार्थीहरुका लागि पोशाक निःशुल्क उपलब्ध गराउँन सहयोगी संस्थाको खोजी गरि प्राथमिकताको आधारमा कार्यान्वयन गरिनेछ ।
- सामुदायिक बिद्यालयहरुमा शैक्षिक तथा खेलकूद सामाग्री वितरणको कार्यक्रम सञ्चालन गरिनेछ ।
- नेपाल सरकार तथा बागमती प्रदेश सरकार संगको सहकार्यमा आधारभूत तहका विद्यार्थीले पाउँदै आएको दिवा खाजाको कार्यक्रमको अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ । दिवा खाजामा दिइँदै आएको थप रकमलाइ निरन्तरता दिइनेछ ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुको संस्थागत क्षमता अभिवृद्धि गर्नुका साथै शिक्षक तथा विद्यार्थीहरुको अभिलेख ब्यवस्थापनलाई प्रविधी मैत्री बनाइनेछ ।

- शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक दरवन्दी कम भएका विद्यालयलाई विद्यार्थी संख्याका आधारमा **<u>शैक्षिक व्यवस्थापन अनुदान</u>** प्रदान गरिनेछ । विद्यालय मर्ज भएर दरबन्दी मिलान गर्दा विद्यार्थी संख्या, कक्षागत संरचना, भौगोलिक अवस्था र विषयगत विज्ञतालाई आधार मानिनेछ ।
- उत्कृष्ठ विद्यालय, शिक्षक तथा उत्कृष्ठ अंक प्राप्त गर्ने छात्रछात्रालाई पुरस्कृत गरिनेछ ।
- भेटेनरी, सिविल इन्जिनियरिङ लगायत प्राबिधिक शिक्षालयहरु स्थापना गरि सञ्चालनमा सहयोग पुर्याईने छ । कम्प्युटर र कृषि प्राविधिक पठन पाठन हुने विद्यालयको पुर्वाधार विकासमा थप अनुदानको व्यवस्था मिलाइने छ ।
- विद्यालयहरुमा स्काउट, बाल क्लवको स्थापना र परिचालन गर्ने नीति लिइनेछ ।
- सामुदायिक पुस्तकालय तथा अध्ययन केन्द्र स्थापना गरी सञ्चालनको व्यवस्था मिलाइने छ । विद्युतीय पुस्तकालयको स्थापना र सञ्चालनमा विशेष जोड दिइने छ ।
- समायोजनमा गएका विद्यालयहरुको भवन तथा सम्पत्ति संरक्षण गरिने छ । समायोजन भएका विद्यालयको फर्निचर लगायतका सामानहरु आवश्यकताका आधारमा अर्को विद्यालयमा प्रयोगमा ल्याउँने व्यवस्था गरिने छ ।
- पालिका स्थायी घर भई विद्यावारिधी पुरा गरेका व्यक्तित्वहरुको सम्मान स्वरुप पुरस्कृत गरिने छ ।
- आर्थिक रुपले विपन्न तथा अभिभावक गुमाएका वालकालिकालाई छात्रवृत्ति प्रदान गरी कम्तीमा स्नातक तहसम्मको पठन पाठनको व्यवस्था गर्न **टुहुरासंग अध्यक्ष** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- अपाङ्गता, अशक्त तथा शारीरिक रुपमा फरक क्षमता भएका बालवालिकाको कम्तीमा आधारभूत तहको पठन पाठनका लागि आवश्यक पुर्वाधार खडा गरि आगामी शैक्षिक सत्रबाट बिशेष कक्षा सञ्चालन गरिने छ ।
- गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुसंग गरिएको कार्यसम्पादन मुल्याँङकन प्रणलीलाई थप व्यवस्थित बनाउन्दै शैक्षिक उपलब्धी बृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाइनेछ ।
- १२ कक्षासम्म अध्ययन गर्ने छात्राहरुलाई निशुल्क रुपमा स्यानिटरी प्याड उपलब्ध गराउँने व्यवस्थालाइ निरन्तरता दिइने छ । प्रयोग गरिएका स्यानिटरी प्याडको नष्ट गर्ने आवश्यक प्रवन्ध मिलाइने छ । सबै विद्यालयलाई बालमैत्री विद्यालयका रुपमा विकास गर्ने नीति लिइनेछ ।
- एक विद्यालय एक करेसाबारी तथा हरेक विद्यालय एक फुलबारीको अवधारणा बमोजिम विद्यालयमा फुलबारी र करेसाबारी निर्माणमा जोड दिइने छ । नमुना विद्यालयको अवधारणलाई निश्चित मापदण्ड बनाई कार्यन्वयन गरिने छ ।
- पालिकाबाट एसईई परीक्षामा उत्कृष्ट अंक हासिल गरेको विद्यार्थीले माथिल्लो कक्षामा प्राविधिक शिक्षा अध्ययन गर्न चाहेमा स्नातक तहसम्मको निजको शैक्षिक शुल्कः गाउँपालिकाको तर्फबाट व्यहोरिने छ । विपन्न नागरिक मध्येका उत्कृष्ट १ छात्र र १ छात्रालाई उच्च शिक्षा हासिल गर्न शैक्षिक छात्रवृत्तिको निती लिइने छ ।
- सिपातीनघरे संस्कृत मा.बि.मा गुरुकुलीय शिक्षा पद्धतिको थप विकास र बिस्तार गरि संस्कृत भाषा र साहित्यको संरक्षण र संवर्द्धनमा बिशेष जोड दिइनेछ ।
- विद्यालय बसको व्यवस्था गर्न आवश्यक पहल गरिने छ । समायोजनमा गई दुरीका कारण विद्यार्थीले बीचैमा पढाई छोड्ने वातावरण बन्न नदिनका लागि दिवा आवासिय विद्यालयको स्थापना गर्ने नीति लिइने छ ।
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षक क्षमता विकास, वि.व्य.स. क्षमता विकास, शैक्षिक सामाग्री तथा कक्षा कोठाको व्यवस्थापन गरी शैक्षणिक मूल्यांङकन पद्धतिलाई प्रभावकारी बनाइने छ ।
- स्थानीय भाषा तथा संस्कृतिको संरक्षण गर्नका लागि स्थानीय पाठ्यक्रममा आवश्यक सुधार र परिमार्जन गर्दै लगिने छ ।
- प्रत्येक सामुदायिक विद्यालयमा कम्तिमा ४/४ महिनामा एक पटक अनिबार्य शिक्षक बिद्यार्थी अभिभावक समन्वय बैठक गरि शैक्षिक समस्याहरु समाधान गर्न यसै वर्षबाट शुरुवात गरिनेछ ।
- शैक्षिक सुधार तथा गुणस्तर बृद्धिका लागि शैक्षिक संस्था, बिद्यार्थी तथा शैक्षिक जनशक्ति अनुपात मिलाइनेछ ।
- शिक्षा क्षेत्रको सुधारका लागि शैक्षिक जनशक्तिको क्षमता विकास तथा व्यवस्थापनको नीति लिइनेछ ।
- आधारभुत तह कक्षा ५ तथा ८ को परीक्षालाई पालिका स्तरमा सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

- विद्यालय अनुगमन तथा मुल्याँकन पद्धतिलाई प्रभावकारी बनाई गुण र दोषका आधारमा प्रोत्साहन, पुरस्कार, दण्ड तथा सरुवाको नीति लिइनेछ ।
- नेपाल भाषा तथा तामाङ भाषालाई स्थानीय पाठ्क्रममा समाबेश गर्दै जाने नीति लिइनेछ ।
- मेडिकल लाइनमा MBBS गर्ने छात्रछात्राहरुलाई छात्रबृत्ति प्रदान गर्ने ब्यवस्था मिलाइनेछ ।
- नृत्य तथा संगीत विषयमा अतिरिक्त कक्षा सञ्चालन गर्ने विद्यालयहरुका लागि आवश्यक सहयोग गरिनेछ ।
- स्थानीय पाठ्यक्रममा जलवायु अनुकुलन, आप्रवासन र सामाजिक विषयवस्तु समावेश गरिने ।
- विद्यालय र विद्यार्थी संख्याका आधारमा बाल विकास सहजकर्ताहरुको दरबन्दी मिलान गर्दै लगिनेछ । माथिल्लो तहका शिक्षकहरुको क्षमता अभिबृद्धि गरी कार्य सम्पादनमा प्रोत्साहित गरिनेछ ।

## युवा तथा खेलकुद :

- पालिकाको ईन्द्रावती रंगशालालाई क्षेत्रीय स्तरको रंगशालाको रुपमा विकास गरि गाउँपालिका र क्षेत्रीय स्तरका सबै प्रतियोगिताहरु सञ्चालन गर्न पहल गरिनेछ ।
- गाउँपालिका स्तरीय खेलकुद परिषद् गठन गरी पालिकाले सञ्चालन गर्ने सबै प्रकारका खेलकुदका कार्यक्रमहरु यसै परिषद् मार्फत सञ्चालन हुने प्रवन्ध मिलाइने ।
- युवा लक्षित स्वरोजगारमूलक, सीपमूलक र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । बैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई स्वरोजगार बन्न चाहेमा अनुदानको विशेष व्यवस्था गरिने छ ।
- ईन्द्रावती गाउँपालिकाको व्यापार, व्यवशाय, रोजगारी र गाउँपालिकाको पहिचानलाई जिल्ला स्तरमा पहिचान पुऱ्याउन खेलकुदका कार्यक्रम सञ्चालन गरिनेछ ।
- पालिका स्तरमा कम्तीमा एक कवर्ड हल, खुला ब्यायामशाला तथा योग साधना केन्द्रको निर्माण गरी सञ्चालनमा ल्याइने छ । १२ वटै वडामा खेलकुद मैदान क्रमशः निर्माण गर्दै जाने नीति लिइनेछ ।
- ईन्द्रावती गाउँपालिका युवा परिषद् गठन गरि युवा लक्षित कार्यक्रमहरु तर्जुमा गरि सञ्चालन गरिने छ ।
- राष्ट्रिय युवा परिषद र प्रदेश युवा परिषद् संगको सहकार्य र समन्वयमा नमुना युवा संसद सम्वन्धि अभ्यास गरिने छ ।
- पालिकामा स्थायी घर भएका राष्ट्रिय तथा आन्तर्राष्ट्रिय खेल जीवनमा पदक जितेका खेलाडिहरुलाई सम्मान गरिने छ ।
- युवाहरुमा रोजगारीको अवसर वृद्धि गर्नका लागि गाउँपालिकाको केन्द्रमा सेवा आयोगको तयारी कक्षा सञ्चालन गर्न सहयोग गरिने छ ।
- युवा क्लवहरुको गठन र परिचालनमा विशेष सहयोग पुर्याइने छ ।
- युवाहरुलाई क्षमता विकासका साथै आयआर्जनमुलक कार्यमा जोड्न पढ्दै कमाउँदै कार्यक्रम अभियानकै रुपमा अघि बढाइने छ ।
- खेलकुदलाई व्यवसाय बनाउँन चाहने युवाहरुका लागि खेलकुद प्रशिक्षणको व्यवस्था मिलाइने छ ।
- अध्यक्षसंग खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ । महिला फुटबल खेल प्रतियोगिता आयोजना गरिनेछ ।

## स्वास्थ्य :

- सबै स्वास्थ्य सस्थामा खानेपानी, तथा शौचालय, प्रतिक्षालय आदिको व्यवस्था गरि वातावरण मैत्री तथा विरामी मैत्री स्वास्थ्य संस्था बनाईने छ ।
- महामारीबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमप्रति पूर्व तयारीलाई प्राथमिकता दिई **मानव जीवन बचाउने** अभियानलाई पहिलो प्राथमिकता दिईनेछ ।
- नवलपुर प्राथमिक अस्पतालमा सेवा बिस्तार गरी थप सुबिधा सम्पन्न गरिनेछ । आवश्यक मात्रामा स्वास्थ्यकर्मीहरुको व्यवस्था गरि थप क्षमता अभिबृद्धि गरिनेछ ।

- स्वास्थ्य सेवालाई अझ विश्वासिलो, भरपर्दो र पहुँचयोग्य बनाउन तथा वर्तमान परिस्थितिसंग सामना गर्नसक्ने वनाउन प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुलाई आवश्यकतानुसार सुविधायुक्त वनाउँदै लगिनेछ । स्वास्थ्य संस्थाहरुमा इन्टनेट सुबिधा विस्तार गरि अनलाइन परामर्श सेवा सहित संपूर्ण सेवा र कार्यहरुको विवरण अनलाइन प्रणालीमा व्यवस्थित गरिने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।
- राष्ट्रिय महिला स्वास्थ स्वयंसेविकाहरुको सेवाको उचित मूल्यांकन गरिनुको साथै उनिहरुको क्षमता अभिवृद्धी तालिम सञ्चालन र **राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कोष**लाइ निरन्तरता दिइनेछ ।
- उपाध्यक्षसंग सुत्केरी कार्यक्रम अन्तर्गत आमाहरुको प्रसुती स्वास्थ्य संस्थामा गराउने सुनिश्चितताका लागि महिलाले दुई वटा सम्म सन्तान स्वास्थ्य संस्थामा प्रसुती गराउदा नेपाल सरकारले उपलब्ध गराएको रकममा थप सहयोगलाई निरन्तरता दिइनेछ ।
- पोषणका लागि **संस्थामा अण्डा घरघरमा झण्डा** कार्यक्रमलाइ निरन्तरता दिइनेछ । घरमा हुने प्रसुति शुन्य घोषणा गर्न आवश्यक तयारी अघि बढाइने छ । प्रसुती पूर्वको स्वास्थ्य परीक्षण निःशुल्क गरिनेछ ।
- समुदाय, ज्येष्ठ नागरिक, अति विपन्न दलित, जनजाति तथा अल्पसंख्यक लोपोन्मुख लक्षित वर्गको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न एकिकृत स्वास्थ्य सेवा कार्यकम सञ्चालन गरिनेछ ।
- हरेक महिना जेष्ठ नागरिकको स्वास्थ्य परीक्षणका लागि जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- **स्वास्थ बिमा कार्यक्रम**लाई प्रभावकारी बनाउन स्वास्थ्य बिमा बोर्डसंग आवश्यक समन्वय गरिनेछ ।
- सिघ्र कुपोषणको चपेटामा परेका बालबालिकाको पहिचान गरी निःशुल्क उपचारको व्यबस्था मिलाईने छ ।
- आँखाका विरामीहरुको उपचारको समस्यालाई दृष्टिगत गरि नवलपुर प्राथमिक अस्पतालमा शुरु गरिएको आँखा क्लिनिकलाइ निरन्तरता दिन आवश्यक व्यवस्था गरिनेछ ।
- आर्थिक अभाव र भौगोलिक विकटताका कारण ईन्द्रावती गाउँपालिकाको दुर दराजमा रहेका विपन्न नागरिकहरुलाई दिइदै आएको लक्षित गरि आँखा जाँच मोतियाविन्दु शिविरको आयोजना गरिनेछ । मोतियाविन्दु अपरेशन गर्ने नागरिकहरुलाइ पोषण खर्चलाइ निरन्तरता दिइनेछ ।
- आमा समुहको नियमित बैठकको खाजा खर्च गाउँपालिकाको तर्फबाट व्यहोरिने ब्यवस्थालाई निरन्तरता दिइने छ ।
- स्वास्थ्य परीक्षण शिविर, आँखा शिबिर र महिला स्वास्थ्य शिबिर सञ्चालनलाई निरन्तरता दिइनेछ ।
- नेपाल सरकारले तोकेका आठ प्रकारका प्राण घातक दीर्घ रोगीहरुलाई यस अघि गाउँपालिकाले एक पटकका लागि दिँदै आएको रु १५ हजार रकमलाई निरन्तरता दिइने छ ।
- गाउँपालिकामा रहेका एम्बुलेन्सहरुको नियमन, व्यवस्थापन र सञ्चालनका लागि एम्बुलेन्स व्यवस्थापन समिति निर्माण गरि व्यवस्थित गरिनेछ । गाउँपालिकामा सञ्चालनमा रहेको एक एम्बुलेन्सलाई सब बाहनको रुपमा विकास गरि सञ्चालनमा ल्याइनेछ ।
- खोप क्लिनिक तथा गाउँघर क्लिनिकलाई व्यवस्थित गरिने छ ।
- विद्यालय स्वास्थ्य शिक्षा तथा पोषण कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- किशोर किशोरीमैत्री स्वास्थ्य संस्था निर्माणको सुरुवात गरिने छ ।
- गाउँपालिका र नेपाल सरकारको स्थानीय जडीवुटीको प्रवद्धन विकास र योग ध्यानको महत्व को प्रचार प्रसार गर्न आयुर्वेदीक लाभ लिन गाउँपालिकामा एक आर्युवेद केन्द्र सञ्चालन गरिनेछ । खुल्ला ब्यायामशाला निर्माण र सञ्चालन गर्दे जाने नीति लिइनेछ ।
- पालिकाका वर्थिङ सेन्टरमा आवश्यक सामाग्रीहरु क्रमशः पुरा गर्दै लगिनेछ ।
- दातृ निकायसंगको साझेदारीमा सिम्पालकाभ्रे स्वास्थ्य चौकी, कुन्चोक स्वास्थ्य चौकी र बाडेगाउं स्वास्थ्य चौकीको भवन निमार्ण कार्य २ बर्ष भित्र सम्पन्न हुने गरि सुरुवात गरिने छ ।
- दुर्घटनाबाट हुने मानवीय क्षति न्युनिकरण गर्न सबै स्वास्थ्य कर्मीलाई primary trauma care तालिमको प्रबन्ध मिलाइने छ ।
- पालिकामा सञ्चालित वर्थिङ सेन्टररुलाई ब्यवस्थित तथा सुबिधा सम्पन्न बनाउदै लगिने छ ।

- जेष्ठ नागरिक तथा असक्त हरुको स्वास्थ्य उपचार , परामर्श गर्न जेष्ठ नागरिक स्वास्थ्य सेवा घर दैलो कार्यक्रम लाई निरन्तरता दिइने छ ।
- बालमैत्री, पोषणमैत्री तथा किशोर किशोरीमैत्री स्वास्थ्य संस्था निर्माण गर्ने नीति लिइनेछ । पोषणमैत्री पालिका घोषणका लागि आवश्यक कार्य गरिनेछ ।
- प्रत्येक स्वास्थ्य संस्थामा ६ /६ महिनामा MSS गरि MSS मा तोकिएका सबै बिषयहरु पुरा गर्दै लगिनेछ ।
- स्वास्थ्य संस्था तथा कर्मचारी स्तरीय प्रतिस्पर्धा गराई उत्कृष्ट स्वास्थ्य संस्था तथा कर्मचारीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईने छ ।
- Home delivery free गर्न पालिका भित्रका स्वास्थ्य संस्थामा सुत्केरी गराउन एक तर्फी एम्बुलेन्स खर्च पालिका बाट व्यहोरिने छ । क्षयरोग तथा  औलो मुक्त अभियानलाई विशेष प्राथमिकत्ता दिई कार्यक्रम संचालन गरिने छ ।
- हरेक स्वास्थ्य संस्था र वडा कार्यालयहरुमा पोषण कर्नर र स्तनपान कक्ष स्थापना गरिने छ ।

## बस्ती तथा शहरी बिकाश :

- **राष्ट्रिय भूमिहिन तथा सुकुम्बासी समस्या समाधान आयोग** संगको सहकार्यमा भूमिहीन सुकुम्वासी , भुमिहिन दलित तथा अव्यवस्थित बसोबासीको लगत संकलन, जग्गा पहिचान तथा जग्गा नापजांच कार्यको गत वर्ष सुरु भएको कार्यलाई निरन्तरता दिई भूमिहीन सुकुम्बासीलाई पुर्जा वितरण गरिनेछ ।
- संघ तथा प्रदेश सरकारको समन्वयमा बसोबासका लागि सुरक्षित पर्ति जग्गा छनौट गरि भुमीहिन सुकुम्बासीहरुलाई एकिकृत बस्ती निर्माण गरि बसोबासको प्रबन्ध मिलाउँन पहल गरिनेछ ।
- **भू उपयोग नीति** तयार पारी व्यबस्थित बस्ति तथा कृषि र संरक्षण योग्य जमिन पहिचान गरिनेछ ।
- **जोखिम वस्तिहरुको पहिचान गरि त्यस्ता वस्तिहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्य संघीय सरकार प्रदेश सरकार र गाउँपालिकाको सहकार्यमा गरिनेछ ।**

## श्रम तथा रोजगार :

- कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजनालाई थप व्यवस्थित गरि अल्पकालिन रोजगारीका अवशरमा बृद्धि गरिनेछ ।
- बेरोजगारको सूचीकरणलाई थप व्यवस्थित र प्रबिधिमैत्री बनाइनेछ । सूचीकृत बेरोजगारलाई प्राथमिकताको आधारमा काममा खटाउने व्यवस्था गरिनेछ ।
- सीप बिकास तथा आयआर्जन कार्यक्रम सञ्चालन मार्फत स्वरोजगार सृजनाका कार्यक्रम सञ्चालन गरिनेछ ।
- निजी तथा सहकारी संस्थाहरुको समन्वय तथा सहकार्यमा आन्तरिक रोजगारका अवसरहरुको पहिचान गरि आन्तरिक रोजगार प्रवर्द्धन मार्फत बढ्दो जनशक्ति पलायनलाई कम गरिनेछ ।
- श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरि सफल तथा उदाहरणीय उद्यमीहरुलाई प्रोत्साहन तथा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।
- समान कामका लागि समान ज्याला कायम गरिनेछ ।
- स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरू सञ्चालनमा जोड दिनुका साथै बाध्यात्मक अवस्थामा बैदेशिक रोजगारीमा जानेहरू र तिनका परिवार लक्षित गरी बैदेशिक रोजगारीलाई मर्यादित, व्यवस्थित र गुणस्तरीय बनाउन सूचना तथा परामर्श सेवा, मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षारता कक्षा संचालन र रिटर्नी स्वयंसेवक परिचालन तथा बैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई उद्यम स्थापना गर्न प्रोत्साहन तथा सहयोग गरिनेछ । यी कार्यहरू संचालन गर्नको लागि संघ र प्रदेश सरकार सँग समन्वय र सहकार्य गरिनेछ ।
- गाउँपालिकामा रहेका बेरोजगार व्यक्तिहरूलाई स्थानीय, आन्तरिक र बाह्य श्रम बजारमा उपयोग हुने सीपमूलक तालिमको व्यवस्था गरिनेछ ।

- स्थानीय तहमा रोजगारमैत्री नीति तथा कार्यक्रम तर्जुमा गरी रोजगारीका क्षेत्र र अवसरहरु पहिचान गरिनेछ ।
- उत्पादकत्व र उद्यमशीलता अभिबृद्धि र श्रम बजारको माग बमोजिम जनशक्ति उत्पादन गरी आर्थिक विकासमा टेवा पुऱ्याइनेछ ।

- युवा लक्षित रोजगारीका अवसरहरुको सृजना गर्न प्राथमिकता दिइने ।
- श्रम र रोजगारीका क्षेत्रमा देखिएका बिकृतीलाई सुधारका गर्नका लागि समन्वय, सहकार्य र कार्यान्वयन संयन्त्रको व्यवस्थापनलाई मजबुत गराइनेछ ।
- आर्थिक विकासको अवरोधकको पहिचान गर्ने र सोको समाधानको सम्भावना पहिल्याउँदै उत्पादन बढाउने नीति लिइनेछ ।
- रोजगारीको शिलशिलामा बिदेशमा मृत्यु भएका ब्यक्तिको परिवारलाई पालिकाको तर्फबाट राहत स्वरुप आर्थिक सहायता प्रदान गरिनेछ ।

## सूचना प्रबिधि तथा सञ्चार :

- पालिकाको सेवा तथा सूचनाहरु अनलाइन मार्फत प्रसारण गर्ने र वडा कार्यालयबाट उपलब्ध हुने सेवा सुबिधालाई बिद्युतीय प्रणालीबाट उपलब्ध गराउने ब्यवस्थालाई अझ प्रभावकारी बनाईनेछ ।
- सार्बजनिक सुनुवाई, जनतासँग जनप्रतिनिधि प्रत्यक्ष सवाद रेडियो कार्यक्रम, डिजिटल नागरिक वडापत्र, डिजिटल नोटिस बोर्ड र सामजिक सञ्जाल लगायत बिबिध प्रबिधिलाई प्रभावकारी बनाईनेछ ।
- पालिकाको सूचना प्रवाहका लागि एकद्वार प्रणाली अपनाइनेछ । सूचना अधिकारी मार्फत जानकारी गराई सूचना अदानप्रदानलाई प्रभावकारी बनाईनेछ ।
- पालिकामा बन्न बाँकी रहेका ऐन नियमावली कार्यबिधिहरु बनाइ अद्यावधी गरिनेछ ।
- सूचनाको हकको प्रत्याभूति गराउँदै गाउँपालिका भित्र एक बिद्युतीय सूचना केन्द्रको स्थापना गिरनेछ ।
- ईन्द्रावती एप निर्माण कार्य सम्पन्न गरी सूचना तथा सेवा प्रवाहमा प्रभावकारिता ल्याइनेछ ।

## सामजिक सुरक्षा तथा पञ्जीकरण

- सबै प्रकारका व्यक्तिगत घटना दर्तालाई शत प्रतिशत पऱ्याइनेछ ।
- प्रत्येक वडामा ब्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता बितरणलाई व्यवस्थित बनाउन वडा सचिव तथा सम्बन्धित कर्मचारीहरुलाई प्रशिक्षण गर्ने कार्यलाइ निरन्तरता दिँदै लाभग्राहीको गुनासो समयमै दर्ता र फछ्यौट गरिनेछ ।
- पालिकामा अति विपन्न परिवार सुविधाबाट वञ्चित तथा अशक्त व्यक्तिहरुको लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।
- सामाजिक सुरक्षा तथा पञ्जीकरण कार्यलाई नेपाल सरकारले व्यवस्था गरे अनुरुप पूर्ण प्रविधिमैत्री बनाइनेछ ।
- राष्ट्रिय परिचयपत्र दर्ता तथा बितरण कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने ब्यवस्था मिलाइनेछ ।

## न्याय निरुपण र मेलमिलाप :

- न्यायिक कार्यसम्पादनलाई छिटो छरितो सरल, सहज र कम खर्चिलो रुपमा समाजमा हुने विवादलाई सहजिकरण तथा समाधानको लागि न्यायिक समितिको अधिकारक्षेत्रको प्रयोग गरीनेछ ।
- सबै वडा कार्यालयमा स्थापना भएको सामुदायिक मेलमिलाप केन्द्रलाई थप प्रभावकारी बनाइनेछ ।
- न्यायीक समिति तथा मेलमिलापकर्तालाई मेलमिलाप कार्यमा प्रोत्साहित गर्दै न्यायिक प्रक्रिया मार्फत न्यायिक निरुपणका लागि क्षमता अभिबृद्दि गरिनेछ ।

- लैगिक विभेदमा आधारित हिसाका घट्नाहरु अभिलेखिकरण र विश्लेषण गर्ने र हिंसा पिडितका समस्याको उचित सम्बोधन गरिनेछ ।
- न्यायिक समितिलाई लैगिक हिंसा भित्रको संवेदनशीलतालाई व्यवस्थापन गर्नका लागि क्षमता अभिवृद्धि गरिनेछ
- बहुसरोकारवाला बिबाद समाधान गर्नका लागि न्यायिक समिति तथा सरोकारवाला बीचको संवाद मार्फत समाधान गर्न आवश्यक व्यवस्था गरिनेछ ।

## महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता

- महिला शसक्तिकरणका लागि  मानव वेचविखन, घरेलु हिंसा, बहुबिबाह, नेतृत्व बिकास, लैंगिक हिंसा तथा विभिन्न खाले सचेतना, गोष्ठी, तालिम, तथा महिला लक्षित आयआर्जन, शिपमूलक कार्यक्रमहरु सञ्चालन गरि महिलालाई आत्म निर्भर बन्न प्रोत्साहन गरिनेछ ।
- घरेलु हिंसा, असुरक्षित वैदेशिक रोजगार, वहुविवाह, मानव वेचविखन लगायतबाट प्रभावित महिलाहरुलाई निशुल्क कानुनी सहायता प्रदान गरिनेछ । त्यस्ता महिलालाई अल्पकालिन संरक्षणका लागि **सेफ हाउस** सञ्चालन गरी आश्रय प्रदान गरिनेछ र सो कार्यका लागि अन्य छिमेकी पालिकाहरुसंग समेत आवश्यक समन्वय गरिनेछ ।
- **सुखी र खुशी दम्पत्ति महिलाको नाममा सम्पत्ति** अभियानका साथ महिलाको नाममा जग्गा जमिन तथा सम्पत्तिको स्वामित्व कायम गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिलाद्धारा सञ्चालित सहकारीहरुलाई महिला लक्षित आयआर्जन कार्यक्रम सञ्चालनमा बिशेष प्रोत्साहन गरिनेछ ।
- हिंसा पिडित व्यक्तिहरुका लागि मनोबैज्ञानिक परामर्श प्रदान गर्नका लागि प्रत्येक वडामा कम्तिमा एक जना मनोबैज्ञानिक बिमर्शकर्ता तयार गरि मनोसामाजिक बिमर्शका कार्यक्रम सञ्चालन गरिनेछ ।
- ईन्द्रावती गाउँपालिकालाई बालमैत्री पालिका बनाइनेछ  । वडा स्तर तथा पालिका स्तरमा बाल सञ्जाल गठन गरी बालबालिकाहरुलाई वालमैत्री गाउपालिका घोषणाका सुचक बमोजिमका न्युनतम सेवा, सुविधा र संरक्षणको कार्यक्रम सञ्चालन गरिनेछ । बाल बिबाह नियन्त्रणका लागि प्रदेश सरकारसंगको समन्वयमा बस्ती स्तरमा बिशेष जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- वालविवाह, वालश्रम, वालदासत्व विरुद्ध कार्यक्रमहरु वाल संजाल, वाल संरक्षण समिति र गाउँपालिकाको साझेदारीमा सञ्चालन गरिनेछ ।
- महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङगता भएका व्यक्तिहरु लक्षित कार्यक्रमहरु सोही समुदायको सहभागितामा सञ्चालन गर्ने गरी सञ्जालहरुको गठन, पुनर्गठन तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- माझी र दनुवार समुदायमा रहेको वाल विवाह न्यूनिकरण गर्न २० वर्ष सम्म विवाह नगरेका र +२ पास गरेका यूवतिहरुलाई वार्षिक प्रोत्साहन स्वरुप रकम दिन चेलि प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- वालवालिकाको शारिरिक, मानसिक, र समग्र पक्षको क्षमता विकासका लागि आवश्यक स्थलमा  वालमैत्री उद्यान तथा बाल मानोरञ्जन स्थल, पार्क निर्माण गर्ने गरि वजेटको सुनिश्चिता गरिने छ ।
- पालिका तहमा वाल संरक्षण कोषको व्यवस्था गरिने छ ।
- गाउँपालिका क्षेत्रमा निर्माण गरिने सार्बजनिक भौतिक पूर्वाधारहरुलाई अपाङ्गमैत्री बनाईनुका साथै अपाङ्गता भएका व्यक्तिहरुको वर्गिकरण गरि सवैले परिचय पत्र सहज रुपमा प्राप्त गर्न सक्ने व्यवस्थालाइ निरन्तरता दिइनेछ ।
- अपाङ्गता सहायता सामग्री बितरणलाई निरन्तरता दिइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको जीवनस्तर सुधार गर्ने कार्यलाई विभिन्न तालिम, सचेतना, अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
- भिन्न क्षमता भएका व्यक्तिको सम्मान र जीवन निर्वाहका लागि सामाजिक सुरक्षा भत्ता प्रदान, बीउ पूंजी सहितका आयमूलक कार्यक्रम सञ्चालन गरी आत्मनिर्भरता तर्फ उन्मुख हुने वातावरणको सिर्जना गरिनेछ ।
- जेष्ठ नागरिकहरुको विषेश आवश्यकता र भावनालाई कदर गरि सम्मानित एवं सुरक्षित जीवनयापनमा सहयोग पुग्ने गरि **जेष्ठ नागरिक सहायता कोषको** स्थापना गरिनेछ । उक्त कोष मार्फत जेष्ठ नागरिकको नियमित निशुल्क स्वास्थ्य परीक्षण र नियमित खानुपर्ने औषधी निशुल्क वितरणको व्यवस्था मिलाईनेछ ।

- आमा बुवा दिवा सेवा केन्द्र सञ्चालन तथा वृद्धाश्रमलाई सहयोग गर्ने नीति लिइनेछ । जेष्ठ नागरिक सीप हस्तान्तरण तथा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- उपाध्यक्षसँग समृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- युवा उमेरमै पतिको मृत्यु भइ एकल भएका तर नावालक छोराछोरीको र परिवारको पालन पोषण स्याहार सुसार हेरचाह गरेर अर्को बिबाह नगरी बसेका महिलाहरुलाई प्रोत्साहन गर्दै पालिकाको बिशेष समारोहमा नगद पुरस्कारद्धारा पुरस्कृत गरिनेछ ।
- प्रदेश सरकारसँगको सहकार्यमा गृहिणी महिला उद्यमशीलता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## आदिवासी जनजाति दलित तथा उत्पीडित अल्पसंख्यक जाती उत्थान :

- आदिवासि, सिमान्तकृत, दलित तथा उत्पीडित अल्पसंख्यक जातिको संरक्षण तथा विकासका लागि उनीहरुको भाषा तथा सांस्कृतिको संरक्षण गरिनेछ । उनिहरुको आर्थिक अवस्था सुधार गर्न **सीप विकास तथा आयमूलक कार्यक्रम**हरुमा पहुंच बृद्धि गरिनेछ ।
- आदिवासी तथा जनजातिहरुको विशिष्ट पहिचान दिने सेवा, वस्तु, संस्कृति, कला तथा वस्तीको संरक्षण र सम्बर्द्धन गर्न उपयुक्त स्थानमा संग्रहालयको स्थापना र संरक्षणमा जोड दिईनेछ ।
- दलित समुदायको अवस्था पहिचान गरि कार्यक्रम सञ्चालन गर्नका लागि दलित प्रोफायल तयार गरिनेछ ।
- आदिवासी जनजाति तथा दलित वर्गको समग्र आर्थिक उन्नतिको लागि परम्परागत सीप र ज्ञानलाई व्यवसायीकरण गर्नको लागि आवश्यक सीप तथा प्रबिधि हस्तान्तरण गरि कार्यक्रम सञ्चालन गरिनेछ ।
- अन्तरजातीय बिबाह गरेका दम्पत्तीलाई नगद सहित सम्मान गरिने छ। साथै परिबारले स्वीकार नगरेमा उनीहरुलाई सामाजिक सुरक्षा प्रदान गरिनेछ।

## साहित्य, भाषा, कला, संस्कृति, र पत्रकारीता :

- साहित्य, भाषा, कला, संस्कृति संरक्षण एवं सम्वर्द्धनको कार्यलाई निरन्तरता दिन आवश्यक वजेटको व्यवस्था गरि कार्यक्रमहरु सञ्चालन गरिनेछ । प्राथमिक तहसम्म मातृ भाषामा अध्ययन गर्न प्रोत्साहित गरिनेछ । साथै स्थानीय पाठयक्रम र पाठ्यपुस्तक निर्माण गरि निःशुल्क उपलब्ध गराउने कार्यलाइ निरन्तरता दिईनेछ ।
- सञ्चार माध्यमहरुको विकास र प्रवर्द्धनमा सहयोग गरिनेछ । लोक कल्याणकारी विज्ञापन वितरणलाई पारदर्शी र मितव्ययी बनाईनेछ । पत्रकार महाँसंघ मार्फत सबै मिडियासंग समन्वय गरी पालिकाले उपलव्ध गराउने सूचना प्रकाशन र प्रसारणको व्यवस्था मिलाइनेछ र
- आधारभुत पत्रकारिता तालिम कार्यक्रम सञ्चालन गरि युवाहरुलाई पत्रकारिता तर्फ आकर्षित गराउने नीति लिईनेछ ।
- विभिन्न विद्यालयहरु मार्फत साहित्यिक गतिविधिहरु सञ्चालन गरिनेछ ।
- ईन्द्रावती गाउँपालिका स्तरीय प्रज्ञा प्रतिष्ठान गठन गरि भाषा, साहित्य र संस्कृतिको संरक्षण संबर्धन र प्रवर्धन गरिनेछ । नियमित रुपमा पालिका स्तरीय साहित्यिक प्रकाशन गर्ने ब्यवस्था गरिनेछ ।
- मातृ भाषमा पालिका स्तरीय प्रतियोगितात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- आदवािसी जनजाती, लोपोन्मुख तथा अल्पसंख्यक जातिको भाषा, धर्म, संस्कृतिको खोज, अध्ययन, अन्वेषण गरि भाषा संस्कृतिको जगेर्ना गर्न आवश्यक ब्यवस्था गरिनेछ ।

## मानव संसाधन विकास :

- कर्मचारी तथा जनप्रतिनिधिहरुलाई क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । उपभोक्ता समितिलाई सार्बजनिक निर्माण सम्बन्धि अभिमुखिकरण सञ्चालनलाई निरन्तरता दिईनेछ ।
- कर्मचारीहरुको मनोबल उच्च राख्न तालिम, अध्ययन अबलोकन भ्रमण र **उत्कृष्ठ कर्मचारीलाई पुरस्कृत** गरिनेछ ।

## गैर सरकारी संस्था/उपभोक्ता समिति/टोल विकास संस्था :

- गैर सरकारी संस्थाहरुले गाउँपालिकामा कार्यक्रम सञ्चालन गर्नुपूर्व उसको कार्यक्रमका सन्दर्भमा योजना तर्जुमा प्रकृयामा अनिवार्य रुपमा सहभागिता जनाइ स्वीकृति लिएर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था गरिनेछ ।
- गैर सरकारी संस्थाहरुको परिचालन र समन्वयमा गर्न सकिने सामाजिक परिचालन, तालिम, क्षमता विकास जस्ता कार्यक्रमहरु दुवै पक्षको सह लगानीमा गर्न सकिने गरि नीतिगत व्यवस्था गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा कार्यरत रहेका गैर सरकारी संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुको अनुगमन र नियमनका लागि विशेष व्यवस्था गरिनेछ ।
- आयोजना सचांलन सम्बन्धमा उपभोक्ता समितिलाई अनुशिक्षण तथा प्रशिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- गैर सरकारी संघ संस्थाले आआफ्नो स्वीकृत कार्यक्रम सञ्चालन गर्दा पालिका तथा वडा स्तरसम्म समन्वय गरेर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था गरिनेछ ।
- टोल विकास संस्थालाइ संस्थागत विकास र जनचेतनामुलक कार्यमा साथै दिगो विकासको अवधारणा बमोजिम परिचालन गरिनेछ । यस्ता संस्था मार्फत टोल क्षेत्रमा गरिने विकास आयोजनालाई प्रभावकारी बनाउन परिचानल गरिनेछ ।

## आन्तरिक स्रोत परिचालन सम्बन्धि :

- विज्ञापन कर, ब्यबसाय कर, घर बहाल करलाई ब्यबस्थित रुपमा संकलन गर्न वडा कार्यालयहरुको क्षमता विकास गरिनेछ। करको दायरा फराकिलो गर्न करदाताको लगत संकलन तथा अद्यावधी गर्ने  कार्यलाइ प्रभावकारी बनाइनेछ ।
- कर प्रणालीलाई पूर्णरुपमा अनलाइन मार्फत गरिनेछ ।
- करका दायराहरु फराकिलो पार्न नया स्रोतहरुको पहिचान गरिनेछ । राजश्व सुधार योजनालाइ प्रभावकारी बनाइनेछ ।
- गाउँपालिकाको राजश्व परामर्श समिति, राजश्व शाखालाई सुदृढ र सक्षम बनाइनेछ ।
- समयमा कर तथा शुल्क तिर्ने गाउँवासीलाई तथा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गरिने छ ।
- पालिकाको आन्तरिक आयलाई बृद्धि गर्नका लागि खानीजन्य वस्तु तथा कवाडीमा लिइँदै आएको करलाइ निरन्तरता दिइनेछ ।

## अनुगमन तथा सुपरीवेक्षण :

- अनुगमन प्रणालीलाई छिटो छरितो तथा वस्तुविष्ठ वनाउन अनुगमन तथा सुपरिवेक्षण समितिलाई साधन स्रोतको कमी हुन दिईने छैन । अनुगमन तथा सुपरिवेक्षण पश्चात प्रतिवेदन दिने र सोका आधारमा पृष्ठपोषण लिने कार्यलाई थप व्यवस्थित बनाईनेछ ।
- गाउपालिका क्षेत्र भित्र सञ्चालित योजना तथा कार्यक्रमहरुको नतिजामा आधारित अनुगमन प्रणालीको मर्मअनुसार अनुगमन र मुल्याङ्कन कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउपालिकावाट संचालित योजनाहरुको अन्तिम अनुगमन पश्चात भुक्तानी गर्न उपयुक्त देखिएका योजनाहरुको अनुगमन भएको एक हप्ता भित्रमा अनिबार्य रुपमा भुक्तानी गरिसक्ने ब्यवस्थालाइ निरन्तरता दिइनेछ ।
- गाउपालिका क्षेत्र भित्र अन्य निकायहरुवाट संचालित आयोजना तथा कार्यक्रमको गाउँपालिका स्तरीय अनुगमन सुरपरीवेक्षण समिति वाट हुनेछ । अनुगमन तथा सुपरिवेक्षणमा देखिएका कमी कमजोरीहरु सुधार गर्नको लागि सम्वधित निकाय समक्ष अनुरोध गर्ने र अनुगमनको प्रतिवेदन गाउँकार्यपालिमा पेश गर्ने गरि परिचालन गरिनेछ ।
- हरेक आयोजनाहरुको बारेमा अन्तिम भुक्तानी पूर्व सार्वजनिक सुनुवाई अनिवार्य गरिने छ । वर्षको १ पटक आ.व. को मसान्तमा वडा स्तरीय र पालिका स्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिनेछ । सार्वजनिक सेवा प्रदायक संस्थाहरुमा वार्षिक रुपमा अनिवार्य सार्वजनिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

- बजार अनुगमनलाई प्रभावकारी बनाइनेछ ।

**संगठन तथा सुशासन :**

- स्थानीय निकायका कर्मचारीहरुको क्षमता विकास तथा कार्यप्रति उत्प्रेरित गर्न आवश्यकता अनुसार तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।
- विद्यमान सामाजिक सुरक्षा भत्ता वितरण प्रकृयालाई अझ बढी व्यवस्थित र सुलभ बनाइने छ ।
- उच्च स्तरको कार्यसम्पादनमा रहेका कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराइदै आएकोमा, प्रोत्साहन भत्ता रकम र नगद पुरस्कार तथा सम्मानको ब्यबस्थालाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाद्धारा तयार भइ अघिल्लो गाउँसभाबाट स्वीकृत भएको भएको व्यवस्थापन तथा सर्वेक्षण प्रतिवेदनलाई स्वीकृत गराइ सो अनुसारको दरवन्दी पदपुर्ति प्रकृयालाई
अगाढी वढाइनेछ ।
- पालिका भित्र मानव अधिकारको सुनिश्चतता प्रदान गर्दै मानव अधिकारको रक्षामा बिशेष ध्यान दिइनेछ ।

**सभासद्ज्यूहरु,**

प्रस्तुत नीति कार्यक्रमबाट ईन्द्रावती गाउपालिकाको आर्थिक, सामाजिक, भौतिक तथा मानविय क्षमता विकासका गतिविधि सम्पादन गरि ईन्द्रावती गाउपालिकालाई सक्षम र समृद्ध वनाउदै लाने विश्वास लिएको छु । हामीले **सम्मृद्ध ईन्द्रावती** लक्षसाथ शुरु गरेको यस वर्षको कार्यक्रमले पक्कै पनि ठोस परिणाम दिनेछ भन्नेमा म विश्वस्त छु । ईन्द्रावती गाउँपालिकाको संमृद्धिका लागि सहयोग र सद्भाव राख्नु हुने नेपाल सरकार, बागमती प्रदेश सरकार, यस क्षेत्रका आम नागरिक, नीजि क्षेत्र, सरकारी तथा गैह्र सरकारी क्षेत्र, सामुदायिक संस्था, सञ्चारकर्मी लगायतप्रति हार्दिक आभार व्यक्त गर्दछु । कार्यक्रम तथा बजेट कार्यान्वयनमा सम्बन्धीत सबै पक्षको सहयोग रहने अपेक्षा गरेको छु । नीति तथा कार्यक्रम तर्जुमाको क्रममाः मार्गनिर्देश गर्नु हुने गाउँकार्यपालिका सदस्यहरुमा आभार प्रकट गर्दछु । साथै सुझाव तथा सल्लाह प्रदान गर्नुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारी तथा अन्य सरोकारवाला सबैप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।

**अन्त्यमा,**

नीति, कार्यक्रम तथा बजेटले आर्थिक, सामाजिक विकासका अनेकौं सम्भावनाका ढोकाहरु पहिल्याएको सन्दर्भमा सबै एकताबद्ध भयौं भने हाम्रै पालामा संमृद्ध ईन्द्रावती सम्भव छ । यस अभियानमा सबैको सकारात्मक सल्लाह, सुझाब तथा सहयोगको अपेक्षा लागि हार्दिक अपिल गर्दछु । धन्यवाद !